# स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकको सातौं शिखर सम्मेलन

# (Seventh National Summit of Health and Population Scientist)

"जनस्वास्थ्य संकटको बेला अनुसन्धान: नीति र कार्यन्वयनको लागि प्रमाण"

(Research in Public Health Emergencies: Evidence to Policy and Action)

## प्रेस-विज्ञप्ति

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले आफ्नो स्थापनाको उपलक्ष्यमा प्रत्येक वर्ष (अप्रिल १० देखि १२) सम्म गर्दै आएको स्वास्थ्य तथा जनसंख्या वैज्ञानिकहरुको शिखर सम्मेलन यस वर्ष COVID-19 महामारीका कारण स्थगित गरिएको थियो । सो स्थगित सातौं शिखर सम्मेलन यही मिति २०७८ साल असाढ १७ र १८ गतेका दिन तदनुसार July 01-02, 2021 परिषद्को कार्यालय भवन बाटै Virtual रुपमा गरिने भएको छ । यस वर्षको सम्मेलनको नारा जनस्वास्थ्य संकटको बेला अनुसन्धान: नीति र कार्यन्वयनको लागि प्रमाण(Research in Public Health Emergencies: Evidence to Policy and Action) रहेको छ ।

परिषद्ले स्वास्थ्य तथा जनसंख्या विज्ञहरूलाई एउटै थलोमा भेला गरी जनस्वास्थ्य संकटको बेला अनुसन्धानको आवश्यकताको बारेमा छलफल गर्ने तथा जिम्मेवारीपूर्ण अनुसन्धान कार्य गर्न अभिप्रेरित गर्ने लक्ष्य राखेको छ । उक्त सम्मेलनको समुद्घाटन प्रमुख अतिथी माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री कृष्ण गोपाल श्रेष्ठले गर्नुहुनेछ भने स्वास्थ्य तथा जनसंख्या क्षेत्रका विशिष्ठ व्यक्तित्वहरुले आफ्नो मन्तव्य व्यक्त गर्नुहुनेछ । उक्त कार्यक्रममा भर्चुअल माध्यमबाट स्वदेश तथा विदेशमा रहनुहुने स्वास्थ्य तथा जनसंख्या विषयसँग सम्बन्धित व्यक्तित्वहरूको उपस्थिति रहने छ । यस सम्मेलनको मुख्य वक्ताको रुपमा Dr. Poonam Khetrapal Singh, Regional Director, WHO-SEARO, Prof. Sir Peter Horby, Oxford University, UK लाई आमन्त्रण गरिएको छ । सम्मेलनलाई पारदर्शी बनाउनका लागि विभिन्न तहका समितिहरु Scientific Committee, Steering Committee, Organizing Committee तथा Award Selection Sub-Committee गठन गरिएका थिए ।

उक्त दुई दिने सम्मेलनमा स्वास्थ्य तथा जनसंख्या सँग सम्बन्धित विषयमा स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुले आफ्नो खोज तथा अनुसन्धानका बारेमा ४७ वटा अनुसन्धान मूलक कार्यहरुको मौखिक प्रस्तुती, १९ पोष्टर प्रस्तुती तथा २४ वटा आमन्त्रीत प्रस्तुतीकरण रहनेछ ।

सम्मेलनको पहिलो दिनमा कोभिड १९, जनस्वास्थ्य संकट, नसर्ने रोगहरु तथा स्वास्थ्य प्रणाली र नीति सम्बन्धि आमन्त्रीत विज्ञहरु र प्रस्तुतकर्ताहरुको प्रस्तुति रहनेछ । त्यसैगरी, सम्मेलनको दोस्रो दिन स्वास्थ्य तथा जनसंख्याका विभिन्न ६ वटा विधाहरुमा प्रस्तुति हुनेछन् । जसमा (१) मातृ, नवजात शिशु, बालस्वास्थ्य तथा जेष्ठ नागरिक स्वास्थ्य (२) कार्यान्वयात्मक अनुसन्धान (३) संक्रमक रोगहरु (४) पोषण (५) मानसिक स्वास्थ्य र दुर्व्यसन (६) वातावरणीय स्वास्थ्य, औषधिजन्य र बायोमेडिकल अनुसन्धान लगायतका विषयहरुमा प्रस्तुतीकरणका साथै गहन छलफल गरिनेछ । कार्यक्रमको समापनमा कम्तीमा पनि ९ जना उत्कृष्ट अनुसन्धानकर्ताहरूलाई विभिन्न अवार्डद्वारा सम्मानित गरिने छ । उत्कृष्ट वैज्ञानिकको छनोट गर्दा प्रस्तुतीकरण तथा विषय वस्तुलाई मध्यनजर गरिने छ ।

प्रदान गरिने अवार्डहरु:

1. Durga Devi Gyawali JNHRC Best Paper Award
2. Health Research Award
3. Mrigendra Samjhana Medical Trust Young Health Researcher Award (Medical Doctor)
4. Mrigendra Samjhana Medical Trust Young Health Researcher Award (NHRC Staff)

5. Health Research Life-time Achievement Award
6. NHRC Best Performer Award
7. Best Presentation Award (Oral)
8. Best Presentation Award (Poster)
9. Oration Award

परिषद्ले यस सम्मेलनद्वारा स्वास्थ्य अनुसन्धान कार्यको नियमन गर्न, असल अनुशासन संस्कारको विकास गर्न र अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई स्वास्थ्य क्षेत्रको योजना नीति तथा कार्यक्रमा सूचित निर्णय गर्नका लागि पैरवी गर्ने विश्वास लिएको छ । यस्ता सम्मेलनहरु नियमित रुपमा सञ्चालन गर्न सके युवा अनुसन्धानकर्ता, वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई अनुसन्धान गर्न प्रेरित हुने तथा अनुसन्धानबाट प्राप्त नतिजा र निष्कर्षहरुको प्रचार प्रसार हुने अपेक्षा परिषद्ले राखेको छ । साथै, यस कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गराउन सरकारी निकाय, विभिन्न कमिटिहरु, अनुसन्धानकर्ताहरु, नीति तथा योजनाकारहरु, मिडिया तथा पत्रकार साथीहरु, सहभागीहरु र परिषद्का कर्मचारीहरु लाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !